नेपाल सरकार

# गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## कपिलवस्तु, तौलिहवा

पत्र संख्या :- ०८३/८४
च.नं. ५

मितिः २०८३/०४/०१
ने.सं.११४६

**खाना पकाउने एल.पि. जि. (LPG)) ग्यासको कृत्रिम अभाव तथा कालोबजारी नगर्ने सम्बन्धी सूचना।**

हालका दिनहरूमा कपिलवस्तु जिल्लाभित्र खाना पकाउने एल.पि. ग्यासको कृत्रिम अभाव सिर्जना गरी अनावश्यक मौज्दात गर्ने, लुकाईछिपाई बिक्री गर्ने,निर्धारित मूल्यभन्दा बढी मूल्यमा बिक्री गर्ने, लगायतका जनगुनासो प्राप्त भइरहेकोले सो सम्बन्धमा सम्पूर्ण ग्यास विक्रेता तथा व्यवसायीहरूलाई व्यापारिक आचारसंहिता पालना गर्दै अनिवार्य रूपमा देहाय बमोजिमका कार्यहरू गर्नु गराउनुहुन अनुरोध गरिन्छ।

- **मूल्य सूची राखेः** उपभोक्ताले स्पष्ट देख्ने गरी आफ्नो पसल/डिलरमा ग्यासको आधिकारिक निर्धारित मूल्य सूची (Price List) अनिवार्य रूपमा राख्नुपर्नेछ।
- **सहज आपूर्ति र भण्डारण स्थितिः** ग्यासको मौज्दात र बिक्रीको विवरण दुरुस्त राख्नुपर्नेछ र उपलब्धताका आधारमा ग्राहकलाई बिना भेदभाव सहज रूपमा ग्यास उपलब्ध गराउनुपर्नेछ।
- **बिलबिजकको अनिवार्य प्रयोगः** प्रत्येक ग्यास सिलिन्डर बिक्री गर्दा उपभोक्तालाई अनिवार्य रूपमा आधिकारिक बिल जारी गर्नुपर्नेछ।

यदि कसैले यस सूचनाको अवज्ञा गरी ग्यासको कालाबजारी गरेको, कृत्रिम अभाव सिर्जना गरेको, म्याद नाघेका वा असुरक्षित सिलिन्डर बिक्री गरेको वा कानून विपरितका अन्य कुनै पनि कार्य गरेको पाइएमा **'कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२'** र **'उपभोक्ता संरक्षण ऐन, २०७५'** बमोजिम कडा कानूनी कारवाही भईजाने ब्यहोरा सम्बन्धित सवैमा जानकारी गराइन्छ।

भविश्वर घिमिरे
सहायक प्रमुख जिल्ला अधिकारी